क्यानेडियन अन्तर्राष्ट्रिय
विकास निकाय

# नेपालमा स्थानीय अग्रसरताका लागि सहयोग



- स्थानीय अग्रसरताका लागि क्यानडा कोष
- स्थानीय विकास सहयोग

क्यानेडियन सहयोग कार्यालय (सिसिओ)
लाजिम्पाट, काठमाडौं, नेपाल

## नेपाललाई क्यानेडियन सहयोग



**पृष्ठभूमि :** क्यानेडियन अनुदान कार्यक्रम नेपालमा खाद्य अनुदान कार्यक्रममार्फत सन् १९५८देखि सुरु भएर १९६५मा यी दुई राष्ट्र बिच कूटनीतिक सम्बन्ध स्थापना भएको हो । नेपालको नागरिक उड्डयन क्षेत्रमा सहयोग पुऱ्याउन १९७०मा द्विपक्षीय कार्यक्रम लागू भएर १९८०को शताब्दीमा क्यानेडियन अनुदान कार्यक्रम ऊर्जा, ग्रामीण विकास, स्वास्थ्य, शिक्षा, भौगोलिक सर्वेक्षण र कृषि क्षेत्रमा विस्तार भयो । यस समयावधिमा क्यानेडियन अन्तर्राष्ट्रिय विकास निकाय (सीडा)ले नेपालको संस्थागत तथा जनशक्ति आधारलाई सहयोग पुऱ्याएर दिगो खाद्य तथा ऊर्जा उत्पादन क्षेत्रमा टेवा पुऱ्यायो । यस कार्यक्रमले गरिबी निवारण, स्वास्थ्य, खाद्य सुरक्षा क्षेत्रहरूलाई निरन्तर सहयोग पुऱ्याई आन्तरिक हवाई क्षेत्रतर्फ पनि सहयोग पुऱ्यायो ।

सन् १९९०मा बहुदलीय प्रजातन्त्रको आगमन पश्चात् नेपालमा उदारवादी सोचको विकास भयो र यसले नागरिक समाज तथा सामुदायिक संघसंस्थाको बिस्तार गर्न सहयोग पुऱ्यायो । सीडाको १९९०को राष्ट्रिय विकास कार्यक्रम रुपरेखा (सी.डी.पी.एफ.)ले जल तथा उर्जा, सामुदाय आधारीत विकास र सुशासनलाई मुख्य कार्यक्षेत्र बनायो । सन् २०००को दशकमा नेपालमा द्वन्द्वले तिब्रता लिएपछि सीडाले अन्तरिम कार्यक्रम रणनीति लागूगरि सामुदायिक स्वास्थ्य तथा जीवीकोपार्जन अभिवृद्धिलाई प्रमुख कार्यक्षेत्रको रुपमा अघि साऱ्यो । उक्त कार्यनिती लैङ्गिक समानता तथा समावेशी समाजका मुद्दाहरूमा केन्द्रित थियो र द्वन्द्व समाधान तथा शान्ति सुव्यवस्था कायम गर्न, मानवअधिकारको रक्षा गर्न, मानवअधिकार उल्लङ्घनमा निगरानी गर्न, आधारभूत मानवीय आवश्यकता पुऱ्याउन गैरसरकारी संस्थाको प्रयासबाट जनसमुदाय तथा उनीहरुको आर्थिक तथा सामाजिक अधिकार दिन प्रयत्नरत रह्यो ।

**सिडाको कार्यक्षेत्र :** क्यानेडियन आधीकारीक विकास सहायता (ओ.डी.ए.)को उद्देश्य गरीबी घटाउनु र सुरक्षित, समान तथा समृद्ध विश्वका लागि योगदान दिनु हो । सीडाले दिगो विकास तर्फ राष्ट्रलाई उन्मुख गर्न सहयोग गर्दछ र निम्न प्राथमिक क्षेत्रमा विषेश जोड दिन्छ :

- आधारभूत मानवीय आवश्यकताहरू : प्राथमिक स्वास्थ्य सेवा, आधारभूत शिक्षा, परिवार नियोजन, पोषण, खानेपानी तथा सरसफाइ र आवास
- लैङ्गिक समानता : दिगो विकास सुनिश्चित गर्न महिला तथा पुरुषबीच समानता प्राप्ति
- पूर्वाधार सम्बन्धी सेवाहरू : वातावरणीय उचित पूर्वाधार सेवा आर्थिक विपन्नतामा

रुमल्लिएका वर्गलाई सहयोग, क्षमता अभिवृद्धि

- मानवअधिकार, लोकतन्त्र र सुशासन : बालअधिकार सहित मानवअधिकारको सम्मान, प्रजातन्त्र र सुशासन नागरिक समाज एवं व्यक्तिको सुरक्षा सुदृढीकरण
- निजी क्षेत्र विकास : निजी क्षेत्र विकासलाई सहयोग तथा समान आर्थिक वृद्धिलाई प्रोत्साहन ।
- वातावरण : स्थानिय वातावरणीय अवस्थाको चित्रण गर्न मद्दत र विश्वव्यापी तथा क्षेत्रीय वातावरण सम्बन्धी मुद्दाहरू सम्बोधन

## नेपालमा सिडाको कार्यक्रम

नेपालमा सिडाको कार्यक्रम द्विपक्षीय साझेदारी र बहुपक्षीय कोष विनियोजनलाई प्रमुख भूमिका माध्यम प्रयोग गरी लागू गरिएको हो । विशेष गरी द्विपक्षीय कार्यक्रमहरू क्यानेडियन सम्पादन नियोगहरु (सि.ई.ए.) र स्थानीय सम्पादन नियोग (एल.ई.ए.)द्वारा सञ्चालित हुन्छन् । यसै गरी संयुक्त राष्ट्रसंघ नियोग अन्तर्गतका यू.एन.डी.पी., यू.एन.आई.सी.ई.एफ., ओ.एच.सी.एच.आर, डब्लू. एफ.पी. द्वारा पनि केही कोषहरु परिचालन भएका छन् । द्विपक्षीय सहयोग कार्यक्रमको व्यवस्थापन नेपाल सरकार र क्यानेडियन सरकारको आपसी समझदारीबाट हुन्छ । नियोगका धेरैजसो विकास सहयोग क्यानडियन सरकारको उपस्थिति र रुचि प्रष्ट पार्ने द्विपक्षीय संयन्त्रद्वारा सञ्चालित हुन्छन् ।

सिडाको साझेदारी शाखाले विशेषत क्यानेडियन गैरसरकारी संस्था, शैक्षिक संस्था र निजी क्षेत्र तथा सोसँग सम्बन्धित नेपाली संघसंस्थासँग सहकार्य गरी परियोजना सम्पन्न गर्दछ । क्यानडाले विभिन्न अन्तर्राष्ट्रिय संघसंस्थाहरू जस्तै डब्लू.एफ.पी., यू.एन.डी.पी., यू.एन.आई.सी.ई.एफ., ओ.एच.सी.एच.आर., ओ.सी.एच.ए., विश्व बैंक, एसियाली विकास बैंक र अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू मार्फत नेपालका लागी शान्ति स्थापना गर्न सहयोग पुग्ने कार्यक्रमका लागू गर्न बहुपक्षिय सहयोग प्रदान गर्दछ ।

सिडा अहिले विशेषत: सामुदायिक स्वास्थ्य, जीवीकोपार्जन, सुशासन, तथा शान्ति सुव्यवस्था कायम गरी सरकारलाई मध्यकालीन र दीर्घकालीन सहयोग गर्ने कार्यमा केन्द्रित छ । वातावरण, लैङ्गिक समानता, सामाजिक समावेशीकरण जस्ता अन्तरनिहित विषयहरु कार्यक्रममा गाँसेर सिडाले वर्तमान प्रजातान्त्रिक सङक्रमण र विगतको द्वन्द्व र यसको समाधानका पहललाई मध्यनजर गरी संविधानसभा सम्बन्धी जनचेतना र क्षमता अभिवृद्धि गराई संविधान निर्माणको प्रक्रियामा सहयोग पुऱ्याउने कार्य गरिरहेको छ। यसले हालको परिवर्तित वातावरणमा नेपालमा, "विकसित हुँदै गरेको प्रजातन्त्र" (डी.डी.एन.) कार्यक्रम द्वन्द व्यवस्थापन तथा शान्ति सुरक्षा तर्फ सहयोग पुऱ्याउनको लागि सञ्चालन गर्दै आएको छ । यस कार्यक्रम संस्थागत परिवर्तनहरू मध्यनजर राखेर नेपालको जटिल प्रजातान्त्रिक प्रक्रियालाई सहयोगपुऱ्याई दिगो शान्ति स्थापना गर्न प्रयत्नशील रहने छ ।




सिडाको परियोजनाहरू निर्देशनात्मक तथा समुदायको आवश्यकता सम्बोधन गर्ने संयन्त्र मार्फत संचालन हुन्छन् । गरिबी निवारण तथा सामाजिक विकासलाई प्राथमिकता दिदैं नियोगका कार्यक्रम कुनै पनि भौगोलिक



क्षेत्रमा सञ्चालन गर्न सकिन्छ। क्यानेडियन तथा नेपाली संघसंस्थासँग सहकार्य गरी यस नियोगले राष्ट्रिय, जिल्ला तथा स्थानीय तहमा कार्यक्रम कार्यान्वयन गर्दछ ।

## क्यानेडियन सहयोग कार्यालय

नेपालको विकास नीति तथा प्राथमिकतालाई सहयोग गर्न सन् १९८७ जुलाईमा क्यानेडियन सहयोग कार्यालय (सि.सि.ओ.)को स्थापना काठमाडौंमा भएको थियो। सीडाको विकास सम्बन्धी योजनालाई मूर्त रूप दिन स्थापना गरिएको यस कार्यालयले स्थापनाकालदेखि नै क्यानडाको द्विपक्षीय, स्थानीय अग्रसरता र कोषका कार्यक्रमहरुलाई सहयोग पुऱ्याउँदै आएको छ। सिसिओले सिडाको साझेदार तथा बहुपक्षीय शाखाहरुले माग गरे अनुसार सेवा प्रदान गर्दछ ।

यस कार्यालयले सामाजिक तथा आर्थिक विश्लेषण, कार्यक्रम तथा परियोजनाको योजना तर्जुमाका साथै कार्यक्रमहरुको मूल्याङ्कन, सञ्चालन तथा व्यवस्थापनमा सहयोग पुऱ्याउने जस्ता सेवा प्रदान गर्दछ। यसले सिडाको कार्यक्रम तथा परियोजनाहरु सफल रुपमा विकास तथा कार्यन्वयन गर्न वस्तुस्थिती सम्बन्धी अन्य आवश्यक जानकारी प्रदान गर्दछ। सिसिओले नेपालमा रहेको क्यानेडियन दूतावासलाई सहयोग गर्नाका साथै परराष्ट्र सम्बन्धी मामिला, अन्तराष्ट्रिय व्यापार तथा विकासका लागि साझा एजेण्डाहरुको कार्यान्वयन गर्न योगदान पुऱ्याउँछ । नेपालमा क्यानेडियन सरकारले आफ्नो सेवा सिसिओ मार्फत सञ्चालन गर्दछ र यसले अन्य सेवा बाहेक स्थानीय संघसंस्थाको क्षमता अभिवृद्धिका लागि निम्न लिखित स्थानीय अग्रसरता सहयोग व्यवस्थापन गर्दछ। यी कार्यक्रम यस प्रकार छन् :

- स्थानीय अग्रसरताको लागि क्यानडा कोष (सि.एफ.एल.आई.)
- स्थानीय विकास सहयोग (एल.डी.एफ.)

सि.एफ.एल.आई. र एल.डी.एफ. अन्तर्गत छानिएका सबै परियोजनाहरू दिगो, धान्न, अनुकरण गर्न र बढुवा दिन मिल्ने खालका हुन्छन् । जनसाधारणको जीवनस्तर उकास्न लैङ्गिक समानता, सामाजिक समावेशिकरण र वातावरणीय दिगोपन प्रवर्द्धन गर्न कार्यक्रमहरु केन्द्रित हुन्छन्। दुवै संयन्त्रहरुले द्वन्द्व संवेदनशील विकासका अवधारणाहरु समेट्दछन् र स्थानीय समुदायहरूले प्राथमिकता दिएका परियोजनाहरूको योजना तर्जुमा, कार्यान्वयन र अनुगमन गर्ने र स्थानीय संघसंस्थाहरुको क्षमता अभिवृद्धि गर्ने लक्ष्य राखेका छन्। यी कोषहरू सामुदायमा रचनात्मक र सहयोगी प्रयत्नहरूको लागि अवसर प्रदान गर्नुका साथै नेतृत्व तथा स्वामित्व विकास, नयाँ पद्धतिको प्रवर्द्धन तथा शुसासन उन्मुख छन् ।



# प्रतिफलमा आधारित व्यवस्थापकीय अवधारणा

सिडा/सि.सि.ओ. ले आफ्ना कार्यक्रमहरुका लागि प्रतिफल आधारित व्यवस्थापन अवधारणा (आर.वि.एम.) अपनाएको छ। यसले परियोजना तथा कार्यक्रमको उद्देश्य प्रारम्भिक चरणमा नै प्रष्ट पारेर अपेक्षित प्रतिफल हासिल गर्न मद्दत गर्दछ। आर.वि.एम. ले उत्कृष्ट तवरले कार्य व्यवस्थापन गर्न मद्दत गर्दछ र परियोजनाका क्रियाकलापहरू समयमै परिवर्तन गरी अपेक्षित प्रतिफल प्राप्त गर्न सहयोग गर्दछ। अनुगमन तथा प्रतिवेदन सम्बन्धी क्रियाकलाप प्रभावकारी हुन परियोजना प्रतिफल प्राप्ति तर्फ केन्द्रित हुनु पर्दछ। परियोजना चक्र प्रतिफलमूखी भए आर.वि.एम. ले निर्णय प्रक्रियामा मात्र सहयोग नगरी संम्पूर्ण विकासका प्रतिफलहरूलाई दिगो रुप दिन टेवा पुऱ्याउँछ।

आर.वि.एम. भित्रका प्रतिफलहरू अपेक्षित र मापनयोग्य हुन्छन् र क्रियाकलाप र लगानीको माध्यम प्रयोग गरी प्राप्त हुन्छन्। आर.वि.एम. अल्प, मध्यम तथा दीर्घकालीन रूपमा देखिने प्रतिफलहरू वा परिवर्तनको व्यवस्थापन गर्ने संयन्त्र हो। आर.वि.एम. ले योजना तर्जुमा तथा रूपरेखा निर्माण चरणमा नै परियोजनाले प्राप्त गर्न सक्ने प्रतिफलहरु औंल्याउदछ । यसले परि योजनाको प्रभाव, उपलब्धी तथा परिणाम नाप्ने सूचाङकहरुको पहिचान गर्न र अपेक्षित प्रतिफल र आवश्यक स्रोतहरू मध्यनजर राखेर आउन सक्ने जोखिमका स्थितिहरु पहिचान गर्न र व्यवस्थापन गर्न मद्दत गर्दछ।

परियोजनाहरू यिनै प्रतिफल तथा सूचाङकहरूको माध्यमबाट कार्यान्वयन, अनुगमन तथा मूल्यांकन गरिन्छ। आर.वि.एम. ले परियोजना चक्रभरि प्रमुख परियोजनाका सरोकारवालाहरूलाई संलग्न गराउँछ। यो प्रक्रियाले परियोजना चक्रभरि भएका परिवर्तनहरूलाई विश्लेषण गरी समयमा नै आवश्यकता अनुसार उचित कदम अवलम्बन गर्न मद्दत गर्दछ। यस प्रक्रियाले परिणाम, दिर्घकालीन उपलब्धी र स्तरीय प्रतिफलहरु प्राप्त हुने क्रियाकलापमा परियोजनाको लगानी केन्द्रित गर्न मद्दत गर्दछ। यसलाई "प्रतिफल शृङ्खला" भनिन्छ।

### परियोजना चक्रको विभिन्न चरणहरूमा RBM



**Planning tools**

- PRA
- SWOC
- Gender and SI analysis
- Environmental screening
- Feasibility/ Viability analysis
- Conflict / Peace analysis

+ *Concept paper/Proposal*
+ *Pre-funding visit*
+ *PAD preparation*
+ *Project approval*
+ *Contribution agreement*

## प्रतिफल शृङ्खला

| लगानी ⇢ गतिविधि ⇢ परिणाम ⇢ उपलब्धि ⇢ प्रभाव |
|---|
| ▸ प्रतिफल : कारण र असरको सम्बन्धबाट प्राप्त हुने वर्णनीय वा मापनीय परिवर्तन ।<br>▸ लगानी : प्रतिफल पैदा गर्न चाहिने धन, समय र प्रयास लगायतका स्रोत ।<br>▸ गतिविधि : प्रतिफल प्राप्त गर्ने कार्यक्रमहरु ।<br>▸ परिणाम : लगानी र गतिविधि सम्पन्न भए पछि तुरुन्त प्राप्त हुने प्रतिफल ।<br>▸ उपलब्धि : परियोजनाको लगानी तथा स्रोतको आधारमा प्राप्त हुने मध्यकालिन उपलब्धी जो परियोजना अवधि भित्र प्राप्त हुन्छन् ।<br>▸ प्रभाव : लक्ष्य वा परिकल्पनासँग जोडिएका बृहत्, उच्च स्तरीय, दिर्घकालीन प्रतिफल ।<br>(समाप्त भएका गतिविधि प्रतिफल नभई, गतिविधिहरु समाप्त भए पछि देखिने परिवर्तनलाई प्रतिफल मानिन्छ) |

## कार्यगत तथा विकास प्रतिफल

सिडाले कार्यगत र विकास प्रतिफल दुवै प्राप्त गर्ने लक्ष्य राख्दछ। कार्यगत प्रतिफल भन्नाले प्राप्त गरिएको प्रशासकीय र व्यवस्थापकीय उत्पादन हो । विकास प्रतिफल भनेको विकास लगानीको परिणाम, उपलब्धि र प्रभाव हो ।

## कार्यक्रम/परियोजना व्यवस्थापन

| | | |
|---|---|---|
| लगानी ⇢ गतिविधि<br><br>**कार्यगत प्रतिफल**<br>संस्थाको कार्यक्रम अथवा परियोजनाहरूको<br>प्रशासकीय र व्यवस्थापन उत्पादन । | ➔ | अल्पकालीन मध्यकालीन दीर्घकालीन<br><br>परिणाम ⇢ उपलब्धि ⇢ प्रभाव<br><br>**विकास प्रतिफल**<br>मानव विकासको अवस्थामा वास्तविक परिवर्तन, विकास लगानीको तार्किक उपलब्धि हा |

## कार्यसम्पादन मापन

प्रतिफलहरू नाप्ने एउटा महत्वपूर्ण अंश कार्यसम्पादन मापन हो । यसले तल उल्लेखित विधिको प्रयोगबाट प्राप्त वास्तविक प्रतिफल विरुद्ध आशा गरिएको प्रतिफलको मूल्याङ्कन गर्दछ ।

- *आधाररेखा तथ्याङ्क :* कार्यक्रम/परियोजनाको प्रारम्भमा विद्यमान सर्तहरूको समूह । यस्ता आधाररेखा तथ्याङ्कका विरुद्धमा प्रतिफलहरू मापन वा मूल्याङ्कन गरिन्छ ।
- *कार्यसम्पादन सूचाङ्कहरू :* जायज, उपयोगी, व्यावहारिक र तुलना योग्य प्रगतिका

मापकहरू उपलब्ध गराई अपेक्षित प्रतिफल प्राप्त गर्न निश्चित कार्यसम्पादन मापकहरू छनौट हुन्छन् । ती दुई प्रकारका हुन्छन् :

- परिमाणात्मक सूचाङ्क : तथ्याङ्कीय विवरणहरू सहित परिमाणका मापकहरू ।
- गुणात्मक सूचाङ्क : विषयगत विश्लेषणबाट प्राप्त निर्णय, धारणा, दृष्टिकोण र सोचाइहरू ।

- *कार्यसम्पादन मूल्याङ्कन :* परियोजना स्वयंद्वारा गरीने कार्यक्रम अथवा संस्थागत अनुगमन, कार्यगत समीक्षा, वार्षिक प्रतिवेदन, परियोजनाको अन्तिम प्रतिवेदन, संस्थागत मूल्याङ्कन र विशेष अध्ययन ।

**कार्यसम्पादन मापन रूपरेखा :** आर.वि.एम. उपकरण आवश्यक सूचना निगरानी, सिकाई र प्रतिवेदनका लागी योजनावद्ध तवरले संकलन गर्न प्रयोग गरिन्छ । यस रूपरेखाले प्रतिफल उपलब्धि मूल्याङ्कन गर्न मद्वत गर्दछ ।
**नतिजा :** छोटो – मध्य – दिर्घकालिन उपलब्धि ।

| नतिजा | कार्यसम्पादन सूचाङ्क | आधाररेखा तथ्याङ्क | तथ्याङ्कको स्रोत | तथ्याङ्क जम्मा गर्ने तरिका | बारम्बारता | उत्तरदायित्व |
|---|---|---|---|---|---|---|
| प्रभाव | | | | | | |
| उपलब्धि | | | | | | |
| परिणाम | | | | | | |
| गतिविधि | | | | | | |

**कार्यसम्पादन सूचाङ्क :** प्रतिफल प्राप्ती तर्फ उन्मुख प्रमाण तथा सवुतहरु ।

**आधाररेखा तथ्याङ्क :** शुरुवात मै प्रतिवन्ध/शर्तहरु निर्दिष्ट गर्ने तथ्याङ्क ।

**तथ्याङ्कका स्रोत :** व्यक्तिगत र संस्थागत कागजात तथा प्रतिवेदन जसबाट तथ्याङ्क संकलन गरिन्छ ।

**तथ्याङ्क जम्मा गर्ने तरिका :** अन्तर्वार्ता, विश्लेषण, नक्साङ्कन, छलफल, सर्वेक्षण, प्रतिवेदन आदि ।

**बारम्बारता :** समाचार/तथ्य संकलनको बारम्बारता र संकलन तहको विवरण ।

**उत्तरदायित्व :** तथ्याङ्क जम्मा गर्न जिम्मेवार मानिस र संस्था ।

## स्थानीय अग्रसरताका लागि क्यानडा कोष (सि.एफ.एल.आई.)

**परिचय :** सि.एफ.एल.आई.को स्थापना नेपालमा सन् १९८७मा भएको हो । सामाजिक र आर्थिक पूर्वाधारहरूको विकास, समानतामा जोड, मानवअधिकार, लोकतन्त्र र सुशासनजस्ता मानवीय आधारभूत आवश्यकताका विषयमा जोड दिनु यस कोषको मुख्य उद्देश्य हो । यस कार्यक्रमले क्यानडाले प्राथमिकता दिएको ६ विषयलाई समर्थन गर्दछ : आधारभूत मानवीय आवश्यकता, लैङ्गिक समानता, पूर्वाधार सहयोग, मानवअधिकार, प्रजातन्त्र, सुशासन, निजी क्षेत्रको विकास र वातावरण । सि.एफ.एल.आई. समुदायिक मागलाई सम्बोधन गर्ने संयन्त्र हो जसले निश्चित स्थानीय आवश्यकता समुदायकै व्यक्तिहरुको सक्रियतामा पूर्ति गर्न मद्दत गर्छ । यस्ता कामले समदायिक स्तरका सघंसंस्था एकजुट हुन्छन् र दिगो स्थानिय अग्रसरता बढाउँछ र स्रोत साधनलाई स्थानीय बासिन्दाको पहुँचमा पुऱ्याउन मद्दत गरी सुरक्षित जीवन-यापनको प्रत्याभूति कायम गराउँछ । यस सि.सि.ओ. द्वारा सञ्चालित कोषले नेपालमा गरिबी घटाउने सिडाको रणनितिलाई टेवा पुऱ्याउँछ ।



**परियोजना क्षेत्र :**
सि.एफ.एल.आई. साना परि योजना मार्फत समुह/समुदायको मागलाई सम्बोधन गर्ने संयन्त्र हो । यसले मानव विकास सूचाङ्कको आधारमा नेपालमा आवश्यक क्षेत्रमा काम गर्दछ । सि.एफ.एल.आई. ले नेपाली समुदायको आवश्यकताको आधारमा कुनै निश्चित भौगोलिक क्षेत्रमा मात्र नभई आवश्यक परेको क्षेत्रमा कार्य गर्दछ ।

### परियोजनाको विषयगत कार्यक्षेत्र

- आधारभूत मानवीय आवश्यकता र सामुदायिक पूर्वाधार : ५०% सहपरियोजना (सामुदायिक विद्यालय, पिउने पानी र साना सिँचाई सुविधा, बचत तथा ऋण, आयमूलक कार्यक्रम, स्वास्थ्य सेवा, सशक्तिकरण)
- मानवअधिकार, सुशासन र प्रजातान्त्रिक विकास : ५०% सहपरियोजना (मानवअधिकार, शिक्षा, बाल तथा महिला अधिकार, कार्यक्रम सहभागिता,वकालत, नेतृत्व, सुशासनका सिद्धान्त र प्रयास, कानुनी वकालत, जनआवाज, मानवअधिकारको रक्षा, आदि)
- लैङ्गिक समानता र वातावरण : लैङ्गिक समानता, सामाजीक समावेशीकरण, सामुदायिक वातावरणीय संरक्षण, प्राकृतिक व्यवस्थापन जस्ता मुद्दा सबै परियोजनामा अन्तरनिहित गरी, आवश्यकता अनुरुप लैङ्गिक र सामाजीक समावेशीकरण सम्बन्धित परियोजना ।

## प्रतिफलमुखी रणनीतिको रूपरेखा

**परियोजनाको उद्देश्य :** यस परियोजनाको उद्देश्य परियोजना क्षेत्रमा आधारभूत मानवीय आवश्यकताको सम्बोधन गर्नु, आर्थिक तथा सामाजिक पूर्वाधार विकास गर्नु, लैङ्गिक समानतालाई प्रोत्साहन दिनु, र मानवअधिकार, प्रजातन्त्र र सुशासनको प्रत्याभूति दिनु हो ।

### अपेक्षित प्रतिफल

*उपलब्धिहरू*

१. परियोजना क्षेत्रमा लैङ्गिक समानता, वातावरण तथा प्राकृतिक स्रोत व्यवस्थापनलाई समाहित गरी सामुदायिक शिक्षा, स्वास्थ्य, सामाजिक-आर्थिक अवस्था र ग्रामीण पूर्वाधारको अधिकारमा आधारित मानवीय आवश्यकताहरूको बढ्दो पहुँच ।

२. स्थानीय सरकारसँगको साझेदारीमा प्रत्यायोजन प्रक्रियाद्वारा स्थानीय समुदाय तथा सामुदायिक (जातिय, वर्गिय, लैङ्गिक) संस्थाहरूको दिगो विकास र परियोजना तर्जुमा, कार्यान्वयन एवं व्यवस्थापन गर्न सुदृढ दक्षता र क्षमता ।

३. सामुदायिक तहमा मानव अधिकार, सुशासन, लैङ्गिक तथा सामाजिक समानता प्रवर्द्धन गर्न महिला तथा वञ्चित वर्गको नेतृत्व क्षमतामा वृद्धि ।

*परिणामहरू*

१.१. परियोजना क्षेत्रमा लैङ्गिक समानता, वातावरण र प्राकृतिक स्रोत व्यवस्थापनको एकीकरण, सुनिश्चित मानवीय आवश्यकताहरूको उपलब्धि, सामाजिक(आर्थिक सेवाहरू र ग्रामीण पूर्वाधारमा बढी पहुँच ।

२.१. स्थानीय समुदाय तथा सामुदायिक संस्थाहरूको दिगो विकास : परियोजना तर्जुमा कार्यान्वयन क्षमता वृद्धि तथा सञ्जाल, समन्वय तथा व्यवस्थापन ज्ञान तथा सीपमा अभिवृद्धि ।

३.१. अधिकारमुखि सामुदायिक विकास प्रक्रिया : (मानवअधिकार, सुशासन, लोकतान्त्रिक विकास) प्रवर्द्धन गरी परियोजनाहरूमा सहभागिता मुलक योजना तर्जुमा, कार्यान्वयन तथा निर्णय गर्न महिलाहरू/वञ्चित वर्गहरू (लिङ्ग, जात, वर्ग) को बढ्दो र सुदृढ संलग्नता ।



## स्थानीय विकास सहयोग : (एल.डि.एफ.)

**परिचय :** नेपालमा स्थानीय विकास सहयोग कार्यक्रम सन् २००२मा शुरु भयो । यस कार्यक्रम २००८सम्म सञ्चालन हुनेछ । नेपालको परिवर्तित सन्दर्भमा विकास कार्यक्रमलाई समयानुसार सम्बोधन गर्नु यसको मुख्य उद्देश्य हो । एल.डि.एफ.ले जनता वा समूह माग गरेको वा आफ्नै पहल गरेको संयन्त्र मार्फत सीडाको कार्यक्रम रणनीतिलाई सहयोग पुऱ्याउनेछ । द्वन्द्वको अन्त्य र शान्ति निर्माणको सन्दर्भमा हुने नेपालको परिवर्तनशिल विकासलाई मध्यनजर राख्दै स्थानीय विकास सहयोगले सिडालाई विकासका विषयहरूतर्फ ध्यानाकर्षण गराउँछ ।



**परियोजनाक्षेत्र :** स्थानीय विकास सहयोग समूह/समूदायबाट माग भएको आवश्यकता सम्बोधन गर्ने र आफ्नै पहलमा पनि परियोजनाहरू संञ्चालन गर्न सकिने संयन्त्र हो । परिवर्तित विकासको सन्दर्भमा द्वन्द्वको अन्त्य र शान्ति निर्माणका प्रयासहरूलाई यस संयन्त्रले सहयोग गर्दछ। कुनै एउटा निश्चित क्षेत्रमा मात्र सिमित नरही पाँचै विकास क्षेत्रमा यसले कार्य गर्न सक्दछ र समूह/समूदायको आवश्यकतालाई पूर्ति गर्न सकारात्मक भूमिका निर्वाह गर्दछ ।

## परियोजनाको विषयगत कार्यक्षेत्र

- *विकेन्द्रीकरण र निक्षेपण :* विकेन्द्रीकरण र निक्षेपण प्रक्रियामा जिल्ला विकास समिति तथा गाउँ विकास समितिलाई सहयोग गर्न र जिविस तथा गाविससँग नागरिक समाज, स्थानिय संस्था र सामुदायिक सङ्घसंस्थाको राम्रो समन्वय कायम गर्न यस कार्यक्रमले सहयोग गर्दछ। यसका साथै सुशासनको सिद्धान्त र प्रयास, कानूनी वकालत, जनआवाज, लोकतान्त्रिक प्रक्रियाजस्ता विषयमा पनि यस कार्यक्रमले योगदान पुऱ्याउँछ ।
- *द्वन्द्व निवारण र शान्ति प्रयास :* द्वन्द्व समाधान, सामुदायिक सहजिकरण, पीडितलाई सल्लाहसुझाव, मानवअधिकार शिक्षा, बाल तथा महिला अधिकार अभियान, वकालत, नेतृत्व र मानवअधिकार रक्षा गर्ने कार्यहरूमा यस कार्यक्रमले सहयोग गर्नेछ ।
- *आधारभूत मानविय आवश्यकता र द्वन्द्व समाधानका प्रयास :* रोजगार व्यवस्था, सामुदायिक जीविकोपार्जन, आर्थिक विकास, स्वास्थ्य र सफा पिउनेपानीको सेवा र पोषण क्षेत्रमा पनि यसले कार्य गर्दछ ।
- *लैङ्गिक समानता र वातावरण :* लैङ्गिक समानता, समावेशी समाज, सामुदायिक वातावरणीय संरक्षण र प्राकृतिक स्रोत व्यवस्थापनका मुद्दालाई परियोजनामा एककृत गर्ने र आवश्यकता अनुरुप लैङ्गिक/समावेशी समाजसम्बन्धी परियोजनाहरू चयन गर्ने कार्य यसले गर्दछ ।

## प्रतिकूलमुखी रणनीतिको रूपरेखा

### परियोजनाको लक्ष्य

नेपालको निक्षेपण प्रक्रियालाई सहयोग गरी गरिबी घटाउन योगदान पुऱ्याउनु ।

### परियोजनाको उद्देश्य

१. नेपालको परिवर्तित विकास सन्दर्भलाई सम्बोधन गर्न निम्न उल्लेखित कार्यक्रमहरुलाई सहयोग पुऱ्याउनु ।

(क) स्थानीय तहमा सुशासन कायम गर्ने क्षमताको विकास गर्न सहयोग पुऱ्याई नेपालको विकेन्द्रीकरण तथा निक्षेपण प्रक्रियालाई सहयोग गर्ने ।

(ख) हिंसा रोक्न, द्वन्द्व व्यवस्थापन गर्न र शान्तिप्रति योगदान पुऱ्याउन स्थानीय क्षमता निमार्ण गर्ने ।

(ग) द्वन्द्वको असर कम गर्न महिला, निर्धन एवं विपन्न वर्गका मानविय आवश्यकता सम्बोधन गर्ने ।

२. द्वन्द्व व्यवस्थापन र शान्ति निर्माणको सन्दर्भमा विकास कार्यक्रम सञ्चालन गर्न सिडाको ज्ञान अभिवृद्धि गर्ने ।

## अपेक्षित प्रतिफल

*प्रभाव*

स्थानिय जनताको जिवनस्तर उकास्ने तथा जिल्ला, गाउँ र सामुदायिक स्तरबाट व्यक्त मागहरू सम्बोधन गर्ने क्षमता सुदृढ गर्ने ।

*उपलब्धिहरू*

१. स्थानीय तथा अन्य तहमा समान एवं दिगो विकास तथा सुशासन प्रक्रियाको योजना तर्जुमा र कार्यान्वयनमा विकासका सरोकारवाला (महिला, पुरुष, नागरिक समाज, संघसंस्था, स्थानीय सरकारी निकाय आदि) को क्षमता अभिवृद्धि गर्ने ।
२. द्वन्द्व निवारण र शान्ति स्थापनामा नागरिक समाजको सञ्जाल तथा गठबन्धन लगायत सरकारी निकायहरूको भूमिका र क्षमता अभिवृद्धि गर्न सहयोग पुऱ्याउने ।
३. द्वन्द्वबाट प्रत्यक्ष प्रभावित समूह (महिला, बालबालिका, निर्धन तथा वञ्चित वर्ग) को आधार भूत मानवीय आवश्यकता र सहायतामा समनतामूलक पहुँच पुऱ्याउने ।
४. नेपालमा सिडाको कार्यक्रम र यसको रणनीतिलाई उत्कृष्ट बनाउन सहयोग गर्ने ।

*परिणामहरू*

१.१ स्थानीय योजना तर्जुमा प्रक्रियामा सामाजिक तथा लैङ्गिक समायोजनको सम्बन्धमा विकासका सरोकारवालाको ज्ञान, सीप र बुझाइ बढाउने ।

१.२. सरकारी कामकाजको जावफदेहिता तथा पारदर्शिता विकास गरी सरोकारवालाको भूमिका र क्षमताको माग अभिवृद्धि गर्न सहयोग पुऱ्याउने ।

१.३. दिगो जीविकोपार्जनका लागि परियोजना क्षेत्रमा स्थानिय समुदायको प्राकृतिक स्रोतको उचित व्यवस्थापन गर्न क्षमता बढाउने ।



२.१. द्वन्द्व विश्लेषण, न्यूनीकरण र असर मूल्याङ्कनमा विकास सरोकारवालाहरूको क्षमता बढाउने ।

२.२. मानवअधिकार र अधिकारमुखी काम गर्ने तौर(तरिकामा विकास सरोकारवालाहरूको ज्ञान र चेतना अभिवृद्धि गराउने ।

२.३. परियोजना साझेदारहरूद्वारा शान्ति स्थापनामा लैङ्गिक आयामको बढ्दो बुझाइ र प्रयोगमा अभिवृद्धि गराउने ।

२.४. आन्तरिक द्वन्द्वले विस्थापित र सैन्य विद्रोहमा लागेर छोडेकालाई समुदायमा पुनर्एकीकरण नमुनाको विकास गराउने ।

३.१. द्वन्द्व प्रभावित क्षेत्रका समुदायमा सेवा सुविधा माग गर्न क्षमता अभिवृद्धि गराउने ।

३.२.द्वन्द्वबाट प्रत्यक्ष प्रभावित समूहहरूको सामाजिक परिचालन,

स्रोतमा पहुँच र सम्भाव्य आयआर्जनद्वारा स्वरोजगारका अवसर पैदा गर्न बढ्दो ज्ञान र सीप विकसित गर्ने ।

४.१.सिडाको सहपरियोजना सम्बन्धी विश्लेषण र सिकाइ बारेमा सिडासँग अनुभव आदन प्रदान गर्ने ।



## परियोजना प्रस्ताव गर्ने तरिका

**आवेदन पेस गर्ने तरिका :** सिडा/सि.सि.ओ.ले नेपालमा कार्यरत दुवै सि.एफ.एल.आई. र एल.डि .एफ. प्रस्ताव स्वीकृत तथा पेस गर्ने निर्दिष्ट शर्तहरू, मार्गनिर्देशनहरू र प्रकृयाहरू निर्माण गर्छ। यी कार्यक्रमहरुको आवेदन प्रक्रिया दुई चरणको छ ।

**अवधारणापत्र :** परियोजनाले केन्द्रविन्दुमा राखेको आवश्यकता अनुरूप ३/४ पानाको अवधारणापत्र बुझाउनु पर्दछ । अवधारणापत्रमा निम्न कुरा समावेश हुनुपर्दछ :

- परियोजना शीर्षक/स्थान,
- स्थानीय तथा परियोजनाको परिपेक्षमा लैङ्गिक समानता, सामाजिक सहजिकरण र द्वन्द्व विश्लेषण समेटी आवश्यकताको साधारण विश्लेषण
- परियोजना सञ्चालनको औचित्य र लक्षित समूह
- परियोजनाको लक्ष्य र उद्देश्य,
- अपेक्षित प्रतिफलहरू,
- बजेट तथा स्थानीय योगदान
- कार्यान्वयन गर्ने निकायको पृष्ठभूमि

**विस्तृत प्रस्ताव र परियोजना मूल्याङ्कन कागजात** : अवधारणापत्र छनौट र स्वीकृत भइसकेपछि आवेदनकर्ताले सिडाको प्रतिफलमूखी व्यवस्थापन रुपरेखा अनुरूप विस्तृत प्रस्ताव तयार गर्नु पर्दछ । प्रस्तावले निम्न कुराहरू समेट्नु पर्दछ :

- परियोजना शिर्षक/स्थान
- परियोजना अवधि
- सम्पर्क व्यक्तिको विवरण
- परियोजना पृष्ठभूमि
- परियोजनाको औचित्य
- परियोजनाको लक्ष्य र उद्देश्य
- लक्षित समूहहरू/लाभान्वित समूहहरू तथा अन्य सरोकारवालाहरू
- अपेक्षित प्रतिफलहरू (प्रभाव, उपलब्धि र परिणाम स्तरमा)
- परियोजना विवरण (कार्यक्रम, गतिविधि र व्यवस्थापन)
- दिगोपन
- कार्यक्रम जोखिममा पर्न सक्ने कारणहरू र तिनका न्यूनीकरणका उपायहरू
- बजेट र स्थानीय योगदान
- महिला, बालबालिका तथा सिमान्तकित वर्गमा असर

- वातावरणमा असर
- द्वन्द्व र सुरक्षामा असर

### कार्यान्वयन गर्ने संस्थाको साधारण जानकारी

- विगतका अनुभव र चलिरहेका क्रियाकलापको चित्राङ्कन,
- सरकारी दर्ता प्रमाणपत्र र वार्षिक नवीकरण
- स्थायी लेखा नम्बर
- समाज कल्याण परिषद्सँग आबद्ध भएको प्रमाणपत्र

### प्रस्तावना स्वीकृति फ्लोचार्ट

अवधारणा पत्रको सि.सि.ओ. संयोजक र परियोजना अधिकृतद्वारा अवलोकन तथा समिक्षा → अस्वीकार पत्र

पहिलो समिक्षाद्वारा छानिएका प्रस्तावहरुको विस्तृत परियोजना प्रस्तावको तयारी एवं पेशी र सोप्रस्तावहरु सिडा/सि.एच.सि./सि.सि.ओ. द्वारा समिक्षा → अस्वीकार पत्र

परियोजना अधिकृतद्वारा विस्तृत छनौट र प्रायोजनपूर्व भ्रमण → अस्वीकार पत्र

सि.सि.ओ. द्वारा परियोजना स्वीकृती तथा कागजातको तयारी

सिडा प्रतिनिधि (एल.डि.एफ.) वा राजदूत (सि.एफ.एल.आई.) मार्फत परियोजना स्वीकृति

सफल आवेदकहरूसँग करार तथा सि.सि.ओ. बाट व्यवस्थापन

**छनौटका पूर्वसर्तहरू :** यस सि एफ एल आई तथा एल डि एफको उद्देश्य, लक्ष्य एवं अपेक्षित प्रतिफलहरु प्राप्तिका लागि अवधारणा पत्र/प्रस्तावले कसरी योगदान पुर्‍याउँछ र सो योगदान के को आधारमा मुल्याङ्कन गरिन्छ भन्ने आधारहरु यस प्रकार छन् ।

- *सम्भाव्यता :* परियोजनाको प्राविधिक तथा आर्थिक सम्भाव्यता ।
- *गुणस्तर र स्पष्टता :* गतिविधिहरूको गुणात्मक प्रष्टता र स्पष्टता सि.एफ.एल.आई. वा एल.डि.एफ.द्वारा अपेक्षित कुनै एक प्रतिफलको उपस्थिती समयावधि, प्रतिफल तथा गतिविधि परिपूर्ति हुने हिसाबले निर्धारिण ।

- *परियोजनाको प्रभाव :* परियोजनाले अति गरिब तथा सिमान्तकृत वर्गको जीवनमा सकार ात्मक परिवर्तन ल्याउने अवस्था ।
- *लैङ्गिक समानता र सामाजिक सहजिकरण :* परियोजनाका क्रियाकलापहरू तथा अपेक्षित प्रतिफलहरू हासिल गर्ने तरिका र लैङ्गिक समानता र सामाजिक सहजिकरण सम्बन्धि व्याख्या ।
- *सामुदायिक योगदान :* परियोजनामा अरू निकाय लगायत सरोकारवाला र लाभान्वित समूहको पूँजी वा जिन्सी सहयोग ।
- *सहकार्य :* संस्था/समुदायका सदस्यहरू, परियोजना र सरोकारवालाहरूको परियोजना निर्माण, कार्यान्वयन, सहकार्यमा संलग्नता ।
- *जोखिम र सहजीकरण :* परियोजनामा हुन सक्ने सम्भावित जोखिम अवस्था न्यूनिकरण गर्ने रणनितीहरुको विश्लेषण ।
- *कोषका अन्य स्रोतहरू :* सिडा बाहेक अन्य निकायले कोष विनियोजनका लागि प्रयास वा त्यसको अवस्था ।
- *दिगोपना :* परियोजनाको समाप्तीको लागि रणनिती तथा प्राप्त उपलब्धिहरुको दिगोपनको परिकल्पना ।
- *संस्थाको अनुभव र छोटो विवरण :* संस्थाले सामुदायिक विकासका कार्यमा दिएको योगदान र कार्यान्वयनको विवरण र संस्था दर्ता, नवीकरण र समाज कल्याण परिषद्सँगको साझेदारी र अन्य आवश्यक कागजात ।

## आवेदन कसरी दिने ?

उपलब्ध मार्गनिर्देशन अनुरूप अङ्ग्रेजी वा नेपालीमा अवधारणपत्र तयार गरी आवेदन दिन सकिने छ । पूर्ण विवरण र हस्ताक्षर सहितको आवेदन पठाउने ठेगाना :


निर्देशक
क्यानेडियन सहयोग कार्यालय (सि.सि.ओ.)
लाजिम्पाट, पो.ब.नं. ४५७४
काठमाडौं, नेपाल
फोन : ९७७-१-४४१५१९३, ४४१५८६१
फ्याक्स : ९७७-१-४४१०४२२
इमेल : cco@canadanepal.org




*अवधारणापत्र स्वीकार वा अस्वीकार भएको विषयमा सि.सि.ओ.बाट निवेदकलाई सूचित गर इनेछ । यदि अवधारणापत्र सि.सि.ओ.द्वारा स्वीकृत भए उपलब्ध मार्गनिर्देश अनुरूप विस्तृत प्रस्ताव बनाउनु पर्नेछ । अवधारणापत्र वर्षभरि प्रस्तुत गर्न सकिनेछ ।*

तपाईंहरूको समय र सहकार्यप्रति हामी आभारी छौं ।